# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष : ६ , खण्ड : २ , मिति : २०७९ साल श्रावण ३० गते**

भाग-२

## बिद्यालय व्यबस्थापन समिति गठन र व्यबस्थापन सम्बन्धि कार्यबिधि २०७९

**प्रस्तावनाः**

नेपालको संबिधान २०७२ द्वारा प्रदत्त स्थानिय तहको एकल अधिकार, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ ज (१४) मा उल्लेखित स्थानिय तहको शिक्षा संबन्धि अधिकार प्रयोग गरि अन्नपूर्ण गाउँ कार्यपालिका माछापोखरी कास्कीलेबिद्यालय व्यबस्थापन समिति गठन र व्यबस्थापन सम्बन्धि कार्यबिधि २०७९ जारी गरेको छ ।

**परिच्छेदः एक**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम बिद्यालय व्यबस्थापन समिति गठन र व्यबस्थापन सम्बन्धि कार्यबिधि २०७९ रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

(१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) गाउँपालिका भन्नाले अन्नपूर्णगाउँपालिका सम्झनु पर्छ ।

(ख) कार्यपालिका भन्नाले अन्नपूर्णगाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले अन्नपूर्णगाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतकोकाम गर्न तोकिएकोकर्मचारी सम्झनु पर्छ ।

(घ) शिक्षा शाखाको प्रमुख भन्नाले अन्नपूर्णगाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाकोशाखा प्रमुखको रुपमा कार्यरत शिक्षा अधिकृत सम्झनु पर्छ ।

(ङ) बिव्यस भन्नाले बिद्यालयको विद्यालय व्यबस्थापन समिति सम्झनु पर्छ ।

(च) शिअसं भन्नाले बिद्यालयको शिक्षक अभिभावक संघलाइ सम्झनु पर्छ ।
(छ) शिक्षा अधिकृत भन्नाले अन्नपूर्णगाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरतअधिकृतकर्मचारीलाई सम्झनु पर्छ ।
(ज) शिक्षा शाखा भन्नाले अन्नपूर्णगाउँपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाइ सम्झनु पर्छ ।
(झ) बिद्यालय भन्नाले बिद्यमान ऐन, नियम बमोजिम स्थापना भइ संचालनमा रहेकाअनुमति वा स्वीकृति प्राप्त बिद्यालयलाइ सम्झनु पर्छ ।

## परिच्छेदः दुई
## बिद्यालय व्यबस्थापन समिति गठन र काम, कर्तब्य र अधिकार

### ३. बिद्यालय ब्यबस्थापन समिति सम्बन्धि ब्यबस्था

विद्यालयको भौतिक, शैक्षिक, समाजिक व्यवस्थापन साथै शैक्षिक कार्यक्रममा सञ्चालनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने छ ।
(१) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुने छ:
क. अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चार जना सदस्य
ख. सम्बन्धित वडा समितिले तोकेको सो समितिको अध्यक्ष वा सदस्य एकजना सदस्य
ग. विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दशलाख वा सो भन्दा वढि नगद जिन्सि सहयोग गरेका व्यक्तिहरू मध्येवाट विद्यालय व्यवस्थापन समितिवाट मनोनित एकजना महिला सहित २ जना
घ. बिद्यालयका शिक्षकहरुले आफूहरु मध्येवाट छानी पठाएका शिक्षक एक जनासदस्य
ङ. विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

स्पष्टीकरण: अभिभावक भन्नाले विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ । तर बिद्यालय व्यवस्थापन समिति गठन प्रयोजनमा भने बिद्यार्थीका बाबु आमा, बाबु तर्फको बाजे,बजै, यस्ता अभिभावक नभएको अवस्थामा संरक्षकत्व प्रदान गर्ने व्यक्ति भनि बिद्यालयको अभिलेखमा जनिएको व्यक्ति समेतलाई जनाउँछ।
२) प्राविधिक र व्यवसायिक विषय अध्यापन वा तालिम गराईने माध्यमिक विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि आमन्त्रित सदस्य रहने छन ।

(३) विद्यालय व्यवस्थापन समिति गठनको लागि अभिभावकको भेलाले उपदफा (१) को खण्ड (क)अनुसारका सदस्यहरू छानेको मितिले ७ दिन भित्र समितिले बैठक बसी उपदफा (१) को खण्ड (ग) अनुसारको सदस्यहरू मनोनयन गरिसक्नु पर्नेछ ।(३)उपदफा(२) अनुसार सदस्य मनोनयन गरेको मितिले पन्ध्र दिन भित्र विव्यसको पहिलो बैठक बसी उपदफा (१) को खण्ड(क)(ख)(ग) बमोजिमका सदस्यहरूले आफूहरू मध्येबाट सम्बन्धित तह उत्तिर्ण योग्यता भएको व्यक्ति विव्यस अध्यक्ष छान्नु पर्ने छ ।

तर यस उपदफा बमोजिम बैठकबसी अध्यक्ष छनौट गर्न नसकेमा यसै उपदफा बमोजिम तोकिएको समय बितेको पाँच दिन भित्रसो व्यहोरा प्रधानाध्यापकले गाउँ शिक्षा समितिमा प्रतिवेदन सहित पेश गर्नु पर्ने छ । सोप्रतिवेदन प्राप्त भएपछि उपरोक्त उपदफा(१) को (क)(ख)(ग) बमोजिमका सदस्यहरू मध्येबाटगाउँ शिक्षा समितिले अध्यक्ष मनोनयन गर्ने छ ।

(४) बिद्यालय व्यस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितीमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।
(५) दफा ३ (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदाबधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजहरुलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(६) हाल कायम रहेका विद्यालय व्यबस्थापन समितिहरु गठन भएको मितिले पदावधि समाप्त नभए सम्म यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ ।

(७)बाल बिकास केन्द्रको केन्द्र व्यबस्थापन समितिको हकमा मातृ बिद्यालयको बिद्यालयव्यबस्थापन समिति नै बाल बिकास केन्द्र व्यबस्थापन समिति हुनेछ ।

(८) व्यबस्थापन समितिको सदस्य छनौट सम्बन्धि व्यबस्थाः प्रधानाध्यापकले दफा ३.१ (क)बमोजिमको व्यबस्थापन समितिको छनौट गर्नका लागि अभिभावकलाइ कम्तिमा ७ दिनपहिले नामावलि प्रकाशन गरि सूचना दिनु पर्नेछ । सदस्यहरु छनौट गर्ने सम्बन्धमागाउँपालिका शिक्षा शाखासंग समन्वय गरि सम्बन्धित वडा समितिले तोकेको वडा अध्यक्ष वासदस्यको संयोजकत्वमा,गाउँ शिक्षा अधिकृत र प्रधानाध्यापक रहेको ३ सदस्यिय छनौट सहयोग समिति गठन गर्नु पर्नेछ ।

९) पहिलो भेलामा कम्तीमा ५० प्रतिशत भन्दा वढि अभिभावक उपस्थित भएमा गणपुरक सख्या मानिने छ पहिलो भेलामा गणपुरक सख्या नभएमा तीन दिन भित्र अर्को भेला वोलाउनु पर्ने छ उक्त भेलामा उपस्थित मध्येहरुवाट दफा ३ १ क अनुसारका समितिका सदश्य छनौट गर्न सक्नेछन ।

(१०) व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्नेः देहायका व्यक्तिहरू व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैनः

(क) गैर नेपाली नागरिक तर नेपाल सरकारसँग भएको सम्झौता वमोजिम खोलिएको विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष अभिभावकवाट जुनसुकै व्यक्ति हुन सक्नेछ ।

(ख) पच्चिस वर्ष उमेर पुरा नभएको,

(ग) प्राथमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि समान्य लेखापढ गर्न नजान्ने, निम्न माध्यमिकका विद्यालयको व्यवस्थापन समितिको अध्यक्षका लागि कम्तिमा आठकक्षा उत्तीर्ण नगरेको र माध्यमिक विद्यालयका लागि एस एल सि वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको । तर माध्यमिक र निम्न माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति कुनै हालत पनि नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ।

(घ) अध्यक्ष र सदस्यका लागि विद्यालयमा शिक्षक वा कर्मचारीको पदमा वहाल रहेका

(ङ) परिच्छेद २ दफा ३ (१) (क) अनुसार अभिभावकवाट छनौट हुने सदस्यका लागि निर्वाचित जन प्रतिनिधि विद्यालयका शिक्षक वा कर्मचारी पदमा वहाल रहेका र सम्वन्धित विद्यालयमा अध्ययनरत विद्यार्थी उम्मेदवार हुन पाउने छैनन ।

(च) प्रचालित कानुन वमोजिम कालो सूचीमा परेको ।

(छ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतवाट कसुरदार,

(११) व्यवस्थापन समितिको अध्यक्षवाट विद्यालय व्यवस्थापन समिति विघटन घोषण भए पछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नहुदा सम्म सोहि व्यवस्थापन समितिले काम चलाउ विद्यालय व्यवस्थापन समितिको रूपमा रहने छ ।

(१२) विद्यालय व्यवस्थापन समिति गठनका लागि सर्वसम्मतका प्रयास वाट चयन गरिने छ सर्वसम्मतका प्रयास वाट चयन हुन नसकेमा निर्वाचनका प्रक्रियावाट छनौट गररिने छ ।

(१३) शैक्षिक गुणस्तर वृद्दि गर्न आवश्यक व्यवस्था मिलाउनुका अतिरिक्त सामुदायिक विद्यालयकोविद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क. विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको व्यवस्था तथा परिचालन गर्ने,
ख. विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा गर्ने,
ग. विद्यालय सञ्चालन सम्बन्धमा हुने महत्वपूर्ण विषयमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गर्ने,
घ. बिद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्यांक अद्यावधिक गराइ राख्ने,
ङ. विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिकधार्मिक वा साम्प्रदायिक भावनाको
आधारमा विद्यालयको बातावरण धमिल्याउन नदिने,
च. गाउँपालिकाले दिएका आदेश र निर्देशनहरु पालना गर्ने गराउने,
छ. शैक्षिक कार्यक्रम सञ्चालनका सन्दर्भमा प्रधानाध्यापकलाई सहयोग गर्ने,
ज. बाल बिकास केन्द्रको संचालन, व्यबस्थापन र सुपरीबेक्षण गर्ने,
झ. तोकिए बमोजिमको अन्य कार्यहरू गर्ने

**४. संस्थागत विद्यालयको व्यवस्थापन समिति र काम कर्तव्य अधिकार**

(१) संस्थागत विद्यालयको संचालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येकविद्यालयमादेहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

क.सम्बन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएका व्यक्तिः अध्यक्ष
ख.अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजनाः सदस्य
ग.स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट वडा समितिको सिफरिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित कम्तिमा दुईजनाःसदस्य
घ.गाउँ शिक्षा अधिकारीले तोकेको सो कार्यालयको एकजना प्रतिनिधिःसदस्य
ङ.सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजनाः सदस्य
च. विद्यालयको प्रधानाध्यापक सदस्यसचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनीअन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्यमध्येबाट र सहकारी अन्तरगत सञ्चालित भए सम्बन्धित सहकारीको शेयर सदस्य मध्येबाट सिफारिस गर्नु पर्नछ ।
(३)शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।
(४) संस्थागत तथा सहकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–
क.विद्यालय सञ्चालनको लागि साधन र स्रोतको प्राप्ति र परिचालन गर्ने,
ख.विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,
ग.अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,
घ. नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षक तथा कर्मचारीलाई तलब उपलव्ध गराउने,
ङ. शैक्षिक सत्र शुरुहुनु भन्दा कम्तिमा २ महिना पहिला नै अगामी शैक्षिक सत्रको लागिशुल्क प्रस्ताव गरी गाउँ शिक्षा शाखामा पेश गर्ने ।
च. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेदः तिन
## शिक्षक अभिभावक संघ गठन र काम, कर्तब्य र अधिकार

**५.शिक्षक अभिभावक संघ गठन तथा काम, कर्तव्य र अधिकारः**

(१)सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य सामाजिक परिक्षण गरीव्यवस्थापनमा सहयोग तथा शैक्षिक गुणस्तर सम्बन्धी आवश्यक कार्य गर्नकालागि प्रत्येकविद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघरहनेछ:
क. विद्यालयका अभिभावक मध्येबाट छनोट गरेका व्यक्ति अध्यक्ष
ख. अभिभावकले आफु मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित दुई जना सदस्य
ग. विद्यालय रहेको वडाको वडा समितिले तोकेको एकजना सदस्य सदस्य
घ. विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीबी,शिक्षाप्रेमी ,विद्यालयलाई निरन्तर उल्लेख्यसहयोग गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका कम्तीमा एक जना महिलार एक दलित सहित तीन जना सदस्य
ङ. शिक्षकहरुले आफु मध्येबाट छानी पठाएको एकजनाशिक्षक प्रतिनिधिःसदस्य
च. प्रधानाध्यापकःसदस्य सचिव
(२)समितिको बैठकमा बालक्लवको प्रतिनिधि (छात्रा १ र छात्र १) र बालक्लव गठन नभएको अवस्थामा उच्चतम कक्षाको उत्कृष्ट अंक ल्याउने छात्रा १ र छात्र १जनालाई आमन्त्रित गर्न सकिने छ ।
(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदेन सदस्यका रुपमा रहेने छ ।

(४) विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि अभिभावकको नामावलि प्रकाशन गर्ने फाराम अनुसूची १, वि व्य स सदस्य,महिला सदस्यको उम्मेदवारका लागि दरखास्ता फारामअनुसूची २,उम्मेदवारहरूको नामावली सूचि प्रकाशन फाराम अनुसूची

३ उम्मेदवारको नामावली उपर दावा विरोध अनुसूची ४ उम्मेदवारी फिर्ता सम्वन्धमा अनुसूची ५ प्रमण पत्र अनुसूची ६सफत ग्रहण अनुसूची ७ प्रयोग गर्नु पर्ने छ ।

(५) शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
कवातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने ।
खविद्यालयको शैक्षिक र आर्थिक पारदर्शिता गराउन सामाजिक परिक्षण गर्ने ।
गशैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने ।
घ बिद्यार्थी भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने ।
ङ वर्षको कम्तिमा २ पटक अभिभावक भेला राखी शैक्षिक गतिबिधीका बारेमा छलफल गर्ने ।
च विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सहयोग गर्ने
छ विद्यालयको सम्पूर्ण भौतिक समाजिक शैक्षिक लगाउत सम्पूर्ण विषयवस्तुलाई समेटेर समाजिक परीक्षण गर्न सहयोग गर्ने ।
चतोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेदः चार
## बिबिध

**६.विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**
(१)कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले सिफारिस गरेमा गाउँ शिक्षा समितिले छानविनगर्दा सो सिफारिस प्रमाणित भएमा त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्नेमनासिब मौका दिनु पर्नेछ ।
(२) विद्यालय व्यवस्थापन समितिको कुनै पद खालि हुन आएमा जुन विधिवाट छनौट भएको थियो सिहि विधिवाट पदपुर्ति गर्नु पर्ने छ ।
(३) उपदफा (१)वमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्मसम्बन्धित प्रधानाध्यापकको समन्वयमा गाउँ शिक्षा समितिले तीन सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समितिगठन गर्न सक्नेछ ।
**७. बाधा अडकउ फुकाउः** यस कार्यविधि कार्यान्वयनमा बाधा पर्न गएमा वा कार्यविधि उपर कुनै प्रश्नउठेमा अन्तिम निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ ।
**८.बचाउः** कार्यविधि जारी हुनु भन्दा अगाडी यस गाउँपालिकाबाट प्रचलित संघिय ऐन, कानून,नियमावली र कार्यपालिकाको निर्णयबाट भए गरिएका काम कार्यवाही यसै कार्यविधिबमोजिम भएको मानिनेछ ।
**९. कार्यविधिमा संशोधनः** आबश्यकता अनुसार कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा गाउँकार्यपालिकाले यस कार्यबिधिमा संशोधन गर्न सक्नेछ ।

**विद्यालय व्यवस्थापन समिति गठनका लागि सहयोग समिति र विद्यालयहरूका लागि आवस्यक फारामहरूका नमुनाहरू**

## अनुसूचि १

अभिभावकको नामावलि प्रकाशन गर्ने फाराम

| क्र स | अभिभावकको नामथर | स्थायी ठेगाना | विद्यार्थीको नाम चर | स्थायी ठेगाना | कक्षा | रोल नं | विद्यार्थी र अभिभवकको नाता | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

प्रधानाध्यापक

## अनुसूची २

विव्य स सदस्य,महिला सदस्यको उम्मेदवारका लागि दरखास्ता फाराम

मिति
श्रीमान संयोजक ज्यू,
वि व्य स छनौट सहयोग समिति
श्री विद्यालय, अन्नपूर्ण कास्की ।

प्रस्तुत विषयमा शिक्षा ऐन २०२८ तथा विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि २०७७ को दफा ३ १ क वमोजिमको विद्यालय व्यवस्थापन समितिको सदस्य, महिला सदस्य पदमा रहेर काम गर्न इच्छुक रहेकोले उक्त पदको उम्मेदवारका लागि यो दरखास्त फाराम पेस गरेको छु ।

निवेदक
निवेदकको नाम थर
स्थायी ठेगाना
अभिभावक नामावली क्र स
दस्तखत
मिति

प्रस्तावकको नामथर समर्थककोनामथर
ठैगाना ठेगाना
अभिभावकको नामावली क्र सअभिभावकको नामावली क्र स
दस्तखत दस्तखत
मिति मिति

(एक जना अभिमावकका लागि एक जना प्रस्तावक र समर्थम रहन पाउँने छ ।)

## अनुसूची ३

उम्मेदवारहरूको नामावली सूचि प्रकाशन फाराम

वि व्य स गठन गर्ने प्रयोजनको लागि उम्मेदवारकको नामावली

| क्र स | अभिभावकको नामथर | स्थायी ठेगाना | विद्यार्थीकत्र नाम चर | स्थायी ठेगाना | कक्षा | पद | विद्यार्थी र अभिधावकको नाता | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

संयोजक
विद्यालय व्यवस्थापन सहयोग समिति
श्री विद्यालय

**अनुसूची ४**

उम्मेदवारको नामावली उपर दावा विरोध

मिति

श्रीमान संयोजक ज्यू,

वि व्य स छनौट सहयोग समिति

श्री विद्यालय, अन्नपूर्ण कास्की ।

विषयमा यस विद्यालयको वि व्य स गठन गर्ने प्रयोजनका लागि मिति मा प्रकाशित गरेको उम्मेदवरकोहरूको नामावली मलाई तपसिलको कारणले चित्त नवुझेकोले उक्त विवरण सच्चाउन तथा वदर गर्न अनुरोध गर्दछु ।

निवेदक

निवेदकको नाम थर

स्थायी ठेगाना

अभिभावक नामावली

क्र स

दस्तखत

मिति

**अनुसूची ५**

उम्मेदवारी फिर्ता सम्वन्धमा

श्रीमान संयोजक ज्यू,
वि व्य स छनौट सहयोग समिति
श्री विद्यालय, अन्नपूर्ण कास्की ।

प्रस्तुत विषयमा मेलै यस विद्यालय व्यवस्थापन समिति को अध्यक्ष ।ससदस्य । महिला सदस्य पदमा उम्मेदवारी पेस गरेकोमा हाल मैले स्वच्छाले उक्त उम्मेदवारी फिर्ता गर्न चाहेकाले नियमानुसर फिर्ताकालागि यो निवेदन पेस गरेको छू ।

निवेदक
निवेदकको नाम थर
स्थायी ठेगाना
अभिभाव नामावल् क्र स
दस्तखत

मिति

**अनुसूची ६**

प्रमाण पत्रको नमुना

श्री विद्यालय अन्नपूर्ण कास्की

प्रमाण- पत्र

यस विद्यालयको मिति २०७७। । मा सम्पन्न अभिभावक भेला । मनोनयनवाट शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ वमोजिम तपाई श्री विद्यालय व्यवस्थापन समितिको पदमा अवधिका लागि छनोट हुनु भएकोले हार्दिक वधाईका साथ सफल कार्यकालको शुभकामना सहित यो प्रमाण पत्र प्रदान गरीएको छ ।

प्रधानाध्यापक
वि व्य स छनौट सहयोग समिति

शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख
संयोजक

**अनुसूची ७**

सफत ग्रहण

म आजै सम्पन्न अभिभावक भेलाको सहमति/निर्वाचन/वि व्य स वैठकवाट/ मनोनयन प्रक्रियावाट यस विद्यालय व्यवस्थापन समितिको पदको जिम्मेवारी प्राप्त गरेकोमा गौरावान्तित हुदै यो सफत गर्दछु कि यस पदोको अवधिसम्म तोकिएका कार्य इमान्दारीकासाथ सम्पन्न गर्नेछु । म वाट विद्यालयलाई जानी जानी कुनै हानी नोक्सानी पुर्याउने छैन विद्यालयको हितमा राख्नु पर्ने गोपनियता कायम राख्नेछु । विद्यालयवाट अवान्छित व्यक्तिगत स्वार्थ सिद्ध हुने कार्य गर्ने छैन र विद्यालयका सरोकारवालासँग सु सम्वन्ध कायम गरी शिक्षा ऐन नियमावलीको अधिनमा रहि विद्यालयको विकासमा समर्पित रहनेछु ।

सफत कर्ताको नाम
पद
दस्तखत

******

**प्रमाणिकरण मिति : २०७९ भाद्र ५**
**राजपत्रमा प्रकाशित मिति : २०७९ भाद्र ५**

आज्ञाले,

खेमराज देबकोटा

प्रमुख प्रशासकीय अधिकृत